आज मिति २०७३ साल आषाढ ४ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द

६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द

## निर्णय :

**निर्णय नं. १:** यस रत्ननगर नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने निम्न वर्गीय नगरवासीहरुले आफ्नो हक भोगमा रहेको जग्गामा अस्थायी किसिमका (टुक्रा ईट्टालाई, व्लकलाई माटो मसाला वा सिमेन्ट मसला जोडाई गरी जस्ता वा खडाईले बारी जस्ता छाना भएका) घरलाई खानेपानी तथा विधुत मिटर जडान गर्ने सिफारिस प्रयोजनका लागि मात्र “अस्थायी प्रकृतिका घरका लागि (विजुली/पानी जडानको लागि) गर्नुपर्ने कार्यविधी” अनुसार अस्थायी संरचनाको ईजाजत पत्र उपलव्ध गराउने निर्णय गरियो ।